# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १९ गते २०३२ साल

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही औषधि लिमिटेडको विस्तृतीकरण कार्य र पाले क्वार्टर स्टाफ रिक्रिशन भवन आदि निर्माण कार्यको लागि वाग्मती अञ्चल काठमाडौं नगर पञ्चायत वडा नं. १ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियम, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

का. न. प. वडा नं. १ (क) मा पर्ने:– पूर्व कि. नं. १०१ को जग्गाको साँध, पश्चिम गोरेटो बाटो, उत्तर काठमाडौं–भक्तपुर राजमार्ग, दक्षिण गोरेटो बाटो यति चार किल्लाभित्र पर्ने कि. नं. ७४ को पुरा ०–९–१, कि. नं. ७५ बाट मध्ये ०–३–०, कि. नं. २४२ को पुरा १–०–०, कि. नं. २४३ बाट मध्ये १–०–० समेत किसिम अवलको मालपोत रू. १०।८४ लाग्ने जम्मा जग्गा रोपनी २–१२–१ को कित्ता– – १

ऐ. प. वडा मै पर्ने:– पूर्व गोरेटो बाटो, पश्चिम बबरमहलको परखालको गोरेटो बाटो र कि. नं. ९०,२४५ को जग्गाको साँध, उत्तर काठमाडौं–भक्तपुर राजमार्ग दक्षिण कि.नं. ९४ को जग्गाको साँध यति चारकिल्लाभित्र पर्ने कि. नं. ५३ बाट मध्ये ०–८–० कि. नं. ३–१–२ समेत किसिम अवलको मालपोत रू. १५।०६ लाग्ने जम्मा जग्गा रोपनी ३–९–२ को कित्ता– – – – – १

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

635

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४०